सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री सुष्मालता माथेमा

आदेश

०७६-WO-०९६२

अधिवक्ता रोशनी पौडेलसमेत------------------------------------------------१ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय, सिंहदरवार, काठमाडौं समेत---------१ विपक्षी

मुद्दा : परमादेश समेत।

यसमा अन्तरिम आदेश छलफलका लागि पेश भएको प्रस्तुत रिट निवेदनमा निवेदक अधिवक्ताद्वय श्री रोशनी पौडेल, श्री सरोजकृष्ण घिमिरे र निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री राघवलाल वैद्य, श्री रविनारायण खनाल, श्री खगेन्द्रप्रसाद अधिकारी, डा.श्री नारायण घिमिरे, श्री शेरबहादुर के.सी., श्री उषा मल्ल पाठक, डा.श्री चन्द्रकान्त ज्ञवाली, श्री गोपालकृष्ण घिमिरे, विद्वान अधिवक्ताहरु श्री टीकाराम भट्टराई, श्री सुनिलकुमार पोखरेल, श्री विष्णु लुइटेल, श्री इश्वरी प्रसाद भट्टराई, श्री मेघराज पोखरेल, श्री योगेन्द्रबहादुर अधिकारी, श्री खम्मबहादुर खाती, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री विष्णुमाया भुषाल, श्री सरस्वती श्रेष्ठ, श्री विकास भट्टराई, श्री अनन्तराज लुइटेल, श्री अन्जु कायस्थ, श्री श्रीधरा कुमारी पुडासैनी, श्री अजयशंकर झा "रुपेश", श्री लक्ष्मी पोखरेल, श्री विष्णु वस्याल, श्री पुनदेवी महर्जन, श्री शान्तिदेवी खनाल, श्री चण्डिका शाही, श्री लक्ष्मीदेवी दाहाल, श्री खड्गबहादुर बुढाथोकी, श्री रक्षा वस्याल, श्री लक्ष्मी थापा खड्का, श्री मुकुन्द अधिकारी, श्री रजिता थापा, श्री सन्तोष भण्डारी, श्री इन्दिरा सिलवाल, श्री सुजन नेपाल, श्री लक्ष्मी (नानी) थापा, श्री नवराज पाण्डे, श्री कमल कोइराला, श्री राजु पौडेल, श्री प्रतिमा उप्रेती तथा विपक्षीहरुको तर्फबाट उपस्थित हुनुभएका विद्वान उप-न्यायाधिवक्ता श्री टेकराज भुषालले गर्नु भएको बहस सुनियो।

यसमा अन्तरिम आदेश जारी हुनुपर्ने विषयमा निवेदक तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता तथा विद्वान अधिवक्ताहरुले मूलतः "नोवल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समिति"मा महिलाहरुको प्रतिनिधित्व नरहेको, महामारीको क्रममा घरेलु हिंसाको घटना बढेको, महिलाहरुको प्रजनन् स्वास्थ्यको रक्षा हुन नसकेको, सीमा प्रवेश तथा स्वास्थ्य परीक्षण र क्वारेन्टिनहरुमा महिलाहरुलाई प्राथमिकता नदिइएको र अलग्गै रहने बस्ने व्यवस्था नगरिएको आदि कुराहरु उठाउनु भएको छ।

नेपालको संविधानले महिलाहरु समेतको प्रतिनिधित्व रहने समावेशी राज्य संयन्त्रको परिकल्पना गरेको छ। संविधानको प्रस्तावना, धारा १८(३) को प्रतिवन्धात्मक वाक्यांश, धारा ३८(४), धारा ४२ र धारा ४३ समेतका व्यवस्थाहरुद्वारा प्रत्याभूत हकहरुका सन्दर्भमा कोभिड महामारीसँग सम्बन्धित उच्च स्तरीय संयन्त्रमा महिलाहरुको सहभागिता रहनु पर्छ भन्नु संविधानका व्यवस्थाहरु प्रति राज्य संयन्त्रको पूर्ण आस्था र समर्पण रहनु पर्छ भन्नु नै हुँदा संविधानको यो अभिष्टलाई विपक्षीहरुले हेर्न सक्ने र नहेरिएमा अन्तिम सुनुवाई हुँदा विचार हुन सक्ने नै देखिन्छ।

अन्तरिम आदेशद्वारा तत्काल संवोधन गरिनुपर्ने कुराहरुमा मुख्य रुपमा प्रजजन स्वास्थ्यको रक्षा, सुरक्षा र गोप्यतासँग सम्बन्धित विषय उठाइएकोले सोही विषयहरुसँग सीमित रही संविधानको धारा १३३ र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ समेत बमोजिम देहाय बमोजिम गर्न, गराउनको लागि अन्तरिम आदेश जारी गरिएको छः-

(क) कोभिड १९ को महामारीको सन्दर्भमा यसअघि विभिन्न मितिहरुमा यस अदालतबाट विभिन्न आदेशहरु जारी भएका छन्। ती आदेशहरुको मुख्य प्रयोजन महामारीबाट प्रभावित जनताहरुको के कसरी प्रभावकारी रुपमा रक्षा गर्न सकिन्छ भन्ने नै हो। संविधान प्रदत्त हकहरुको रक्षा गर्नु यस अदालतको कर्तव्य हो। संविधानको रक्षा गर्दा नै संविधानले हामी सबैको रक्षा गर्न सक्छ भन्ने मान्यतामा आदेशहरु जारी भएका हुन्। ती कुनै न्यायिक महत्वाकांक्षा वा लहडका उपज होइनन्। यसै क्रममा मिति २०७७।१।५ मा आदेश जारी हुँदा पैदलै घर फर्किरहेका व्यक्तिहरुलाई सुरक्षापूर्वक र निःशुल्क यातायातको व्यवस्था गरी घर पुऱ्याउनु भनी आदेश गर्ने क्रममा "महिला, बालबालिका, जेष्ठ नागरिक, शारीरिक रुपमा अस्वस्थ्य व्यक्तिहरुको विशेष सुरक्षा गर्नू र प्राथमिकतामा राख्नु" भन्ने समेत उल्लेख भएकै छ। यसो भन्नुको मुख्य कारण कोभिड भाइरसले कसैलाई नछाड्ने भए पनि यसको प्रभाव भने सबैमा बराबर नहुने भएर नै हो। महामारीबाट महिला र विशेषतः सुत्केरी, गर्भिणी वा स-साना बालबालिका सहितका महिला, बृद्ध तथा

अस्वस्थ्य अवस्थामा रहेका व्यक्तिहरुको विशेष रुपमा रक्षा गर्नु पर्ने हुँदा त्यस्ता व्यक्तिहरुलाई नेपालको सीमामा प्रवेश गर्दाको अवस्थादेखि क्वारेन्टिन वा आइसोलेसमा रहँदा सुरक्षासाथ अलग राखी विशेष हेरचाहको व्यवस्था गर्नू।

(ख) बन्दाबन्दीको अवस्थामा महिलाहरुले विशेष रुपमा घरेलु र अन्य प्रकारका हिंसाहरु भोग्नुपरेका कुरा उठेका छन्। नेपालको संविधानको धारा ३८ को उपधारा (३) ले हिंसाजन्य कार्य र शोषणलाई दण्डनीय घोषित गरेको छ। यो हकको उपयोग महिलाहरुलाई न्यायमा सहज पहुँच सुनिश्चित हुँदा मात्र हुन सक्ने हुन्छ। तसर्थः बन्दाबन्दीको कारण देखाई घरेलु हिंसा(कसूर र सजाय) ऐन, २०६६ को दफा ४ बमोजिम पर्ने उजुरी लिन र त्यसमा गर्नुपर्ने कानून बमोजिमको अनुसन्धान कारवाही आदि नरोक्नु भनी विपक्षीहरुलाई सूचित गर्नू। साथै सोही ऐनको दफा ५ को उपदफा (२) बमोजिम उजुरी पर्न आए तत्काल दर्ता गरी कानूनबमोजिम तत्कालै आवश्यक कार्य गर्नू भनी सबै जिल्ला अदालतहरुलाई सर्वोच्च अदालतबाट लेखी पठाउनू।

(ग) महिलाउपर हुने हिंसाका सन्दर्भमा राष्ट्रिय महिला आयोगमा एउटा ११४५ नं को हेल्प लाइन टेलिफोन रहेको तर सो हेल्प लाइनबाट कुनै कारवाही हुन नसकेको भन्ने जिकिर बहसमा उठ्यो। तसर्थ यसमा के कसो भएको हो हेर्नू र महिलाहरुको सुरक्षा, हीत रक्षामा कुनै पनि प्रतिकूल प्रभाव पर्न नदिनू र मन्त्रालयको तहबाट थप हेल्प लाइनको व्यवस्था गर्नू भनी विपक्षी महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई लेखी पठाउनू।

(घ) कोभिड १९ को कारण महिलाहरुको प्रजनन् स्वास्थ्यमा प्रतिकूल असर परेको भन्ने कुरा निवेदनमा उठाइएको छ। नेपालको संविधानको धारा ३८(२) ले सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यलाई महिलाको हकको रुपमा प्रत्याभूत गरेको छ। यो हकको प्रचलन सहज रुपमा हुनुपर्छ र कुनै पनि हालतमा रोकिनु हुँदैन। गर्भवती महिलाहरुको समय समयमा गरिनुपर्ने स्वास्थ्य परीक्षण र उनीहरु तथा नावालक शिशु, बालबालिकाहरुले लिनुपर्ने खोप तथा सुईहरु प्राप्त गर्ने कुरालाई कुनै रुपमा पनि प्रभावित हुन नदिनू।

(ङ) निवेदनमा प्रभावित व्यक्तिको गोप्यताको हकको कुरा पनि उठेको छ। एकातर्फ व्यक्तिको गोप्यताको हक अनतिक्रम्य छ भने अर्कोतर्फ सरकारद्वारा जनहीतमा सूचनाहरु जारी गर्नुपर्ने हुन्छ। तसर्थ प्रभावित व्यक्ति तथा निजको परिवारमा पर्न सक्ने असर समेतलाई विचार गरी सम्बन्धित व्यक्तिको सहमतिले मात्र व्यक्तिगत सूचनाहरु प्रचार प्रसार गर्नू, गराउनू।

निवेदनमा उठाइएका र बहसमा जिकिर लिइएका अन्य कैयौं कुराहरुमा यसअघि यस अदालतबाट ०७६-WO-०९३३, ०७६-WO-०९३८, ०७६-WO-०९५८ लगायतका रीट निवेदनहरुमा विभिन्न मितिमा आदेश भैसकेका र प्रस्तुत आदेशलाई पनि आनुशंगिक रुपमा हेरी कार्यान्वयन गर्नू गराउनू भनी प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत् विपक्षीहरुलाई दिई नियमानुसार पेश गर्नू।

न्यायाधीश

न्यायाधीश

ईति सम्बत् २०७७ साल जेठ २७ गते रोज ३ शुभम् ---------------------------------।